**चिचिला गाउँपालिकाद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्डः२ सङ्ख्याः२१ मितिः २०७५/१२/१९

**भाग - २**

## चिचिला गाउँ कार्यपालिकाको

## आर्थिकसहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७५

चिचिला गाउँपालिका

# आर्थिकसहायता (वितरण तथाव्यवस्थापन) कार्यविधि,२०७५

प्रस्तावनाः चिचिला गाँउपालिकाबाट गर्नुपर्ने आर्थिक सहायतावितरण कार्यलाई नियमित, व्यवस्थिततथापारदर्शि बनाउने सम्बन्धमाकार्यविधिव्यवस्थागर्न वाञ्छनीय भएकोले,चिचिला गाँउकार्यपालिकाले चिचिला गाँउपालिकाकोआर्थिक सहायता (वितरण तथाव्यवस्थापन)कार्यविधी, २०७५बनाई लागू गरेको छ।

१. संक्षिप्तनाम र प्रारम्भः (१) यस कार्यविधिको नामआर्थिक सहायताकार्यविधि, २०७५ रहेको छ।

(२) यो कार्यविधि तुरुन्तप्रारम्भ हुनेछ।

२.परिभाषा र व्याख्याः विषयवा प्रसंगले अर्को अर्थ नलागेमायस कार्यविधिमाः

(क) ‘‘गाँउपालिका’’भन्नाले चिचिला गाँउपालिका सम्झनुपर्दछ।

(ख) ‘‘गाँउकार्यपालिका’’भन्नाले चिचिला गाँउकार्यपालिका सम्झनुपर्दछ।

(ग) ‘‘अध्यक्ष’’भन्नाले यस गाँउकार्यपालिकाको गाँउपालिका अध्यक्ष सम्झनुपर्दछ।

(घ) ‘‘उपाध्यक्ष’’भन्नाले यस गाँउकार्यपालिकाको गाँउपालिका उपाध्यक्ष सम्झनुपर्दछ।

(ङ) ‘‘प्रमुखप्रशासकीयअधिकृत’’भन्नाले यस गाँउकार्यपालिकाको कार्यालयको प्रमुखप्रशासकीयअधिकृत सम्झनुपर्दछ।

(च) ‘‘आर्थिक सहायता’’भन्नाले यस कार्यविधिबमोजिमउपलब्ध गराइने आर्थिक सहायता सम्झनुपर्दछ।

(छ) ‘‘वडा समिति’’भन्नाले गाँउकार्यपालिकाको वडा समिति सम्झनुपर्दछ।

चिचिला गाँउपालिका

(ज) "सभा"भन्नाले यस गाँउपालिकाको गाँउसभा सम्झनुपर्दछ।

३.आर्थिक सहायताको लक्षितवर्ग तथा क्षेत्रहरुः यस गाँउपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायताको लक्षितवर्ग तथा संभाव्य क्षेत्रहरु देहायबमोजिमहुनेछन्।

(क)आर्थिक रुपमाज्यादै जोखिममा रहेकाव्यक्तिवा समूह,

(ख) मानवीयहित,कल्याण वा संरक्षणको दृष्टिले सहायतागर्नुपर्ने भनीपहिचानभएकाव्यक्तिवा समूह,

(ग)गाँउपालिका क्षेत्रभित्रकाविपन्ननागरिकको कल्याण, विकास वाउन्नतिको लागि गैह्रनाफामूलककिसिमले सञ्चालनगरिने सामाजिकक्रियाकलापहरुमा संलग्न सामुदायिक समूह, संघ, संगठनहरु,

(घ) उपर्युक्तआधारहरुलाई समेत मध्यनजर गर्दै आर्थिक सहायताप्रदानगर्न अतिआवश्यकभनीगाँउकार्यपालिकाको वैठकबाट सर्वसम्मत रुपमा निर्णय गरिए बमोजिमकालक्षितव्यक्ति, वर्ग वा गैह्रनाफामूलक सामुदायिक समूह,संघ संस्थाहरु,

(ङ)विभिन्नदिर्घरोग लागेरउपचार गर्न नसकेको व्यक्तिहरुलाई,

(च) ठुला रोगहरु क्यान्सर, मृगौला, मुटु सम्बन्धीविरामीलाई,

(छ) जेष्ठनागरिक, अपांग, एकलमहिलालगायतलाई।

४. आर्थिक सहायता वितरण प्रकृयाः (१) आर्थिक सहायता पाउन योग्य लक्षितवर्ग, समूह वा संगठनले सम्बन्धित वडा कार्यालयको सिफारिसमा तोकिएको ढाँचामा सो सहायता पाउनुपर्ने आधार,प्रमाण र कारण खुलाई गाँउकार्यपालिकाको कार्यालयमा निवेदनदिनुपर्नेछ।

(२) आर्थिक सहायता र सो को प्रकृया देहायबमोजिमहुनेछः–

(क) रु.१००००– (दशहजार रुपैंया) सम्मको आर्थिक सहायता सम्वन्धित वडा कार्यालयको सिफारिसमागाँउ कार्यपालिकाको कार्यालयकाप्रमुखप्रशासकीयअधिकृतले उपलब्ध गराउन सक्नेछ ।

(ख) रु.२५०००–(पच्चीस हजार रुपैंया) सम्मको आर्थिक सहायतागाँउपालिकाको प्रमुखले सम्बन्धित वडा कार्यालयको सिफारिसमाउपलब्ध गराउन सक्नेछ ।

(ग) रु.२५००१–(पच्चीस हजार रुपैंया) भन्दामाथि रु.१ लाख सम्मको आर्थिक सहायता गाँउ कार्यपालिकाको वैठकबाट निर्णय गर्नुपर्नेछ ।

५. प्रतिवेदन पेश गर्नुपर्नेः (१) यस गाँउकार्यपालिकाको कार्यालयबाट त्रैमासिक रुपमावितरण भएकाआर्थिक सहायताहरुको एकमुष्ट विवरण प्रतिवेदनप्रमुखप्रशासकीयअधिकृतले कार्यपालिकाको वैठकमा पेश गरी स्वीकृत गराउनुपर्नेछ ।

(२) उक्तप्रतिवेदनमाआवश्यक ठहरिएमा गाँउकार्यपालिकाले वितरित आर्थिक सहायताको सदुपयोग भएनभएको सम्बन्धमा स्थलगतअनुगमनप्रतिवेदन समेत राख्नआवश्यकनिर्देश गर्न सक्नेछ ।

६.आर्थिक सहायतावितरणका पूर्वशर्तः यस कार्यविधीबमोजिमआर्थिक सहायताउपलब्धहुने व्यक्तितथा सामुदायिक संस्था,संघ वा संगठनको लागि देहायको पर्वशर्त पूरा गरेको हुनुपर्नेछः–

(क) यस कार्यविधिमातोकिएको मापदण्ड पूरा भै गाँउपालिकाको पेश्की बेरुजु नभएको,

(ख)गाँउपालिकालाईनियमानुसार तिर्नुपर्ने कर,महशुल, सेवाशुल्कआदितिरेको,

(ग)संगठित संस्थाको हकमा करचुक्ता प्रमाणपत्र प्राप्त गरेको,

चिचिला गाँउपालिका

(घ) नेपाल सरकारको कुनै निकायमाविधिपूर्वक दर्ता भएको वागाँउपालिकाभित्र स्थापनाभएको संगठित संघ संस्थावा समूहको हकमानियमानुसार यस गाँउपालिकामादर्ता भएको।

(ङ) वार्षिक लेखापरीक्षणको व्यवस्था भै आधिकारिक निकायबाट सो अनुसार लेखापरीक्षण गरेको।

७. प्राप्तआर्थिक सहायतातोकिएको प्रयोजनमाखर्च गर्नुपर्नेःयस गाँउपालिकाबाट जुनप्रयोजनकालागि जे जति रकमआर्थिक सहायताको रुपमाप्राप्त गरेको हो सोहीप्रयोजनकालागि सो रकमखर्च गरेको हुनुपर्नेछ र सो को आधिकारिक प्रमाण कागजातगाँउकार्यपालिकाको कार्यालयको लेखाशाखामा पेश गर्नुपर्नेछ।

८. स्थलगतअनुगमन समितिःयस गाँउपालिकाबाट वितरण भएकाआर्थिक सहायताको प्रभावकारी उपयोग सम्बन्धमा स्थलगत रुपमाअध्ययनअवलोकन गरी गाँउकार्यपालिकाको कार्यालयमाप्रतिवेदन पेश गर्न देहायको एक समिति रहनेछ।

(क) प्रमुखप्रशासकीयअधिकृत वानिजले तोकेको गाँउकार्यपालिकाको कार्यालयको अधिकृतस्तरको कर्मचारी

(ख)आ र्थिक सहायताप्रदानगरिएको विषयसँग सम्बन्धित क्षेत्र हेर्ने संयोजक

(ङ)प्रशासनशाखाको प्रमुख – सदस्य

(ग)आर्थिक प्रशासन शाखाका प्रमुख–सदस्य

(च) ईन्जिनियर वा सब ईन्जिनियर मध्येबाट १जनासदस्य

९. यसै कार्यविधिबमोजिमभए गरेको मानिने: यसअघि यस गाँउपालिकाबाट प्रदानगरिएकाआर्थिक सहायता समेत यसै कार्यविधिबमोजिमभए गरेको मानिनेछ।

१०.कार्यविधिको व्याख्या संशोधनतथा अनुसूची थपघट: यस कार्यविधीको आवश्यकव्याख्या,संशोधनतथा अनुसूची थपघट गाँउकार्यपालिकाले गर्नेछ।

चिचिला गाँउपालिका

अनुसूची–१ (व्यक्तिको हकमा)
(बुँदा नं.४.१सँग सम्बन्धित)

मितिः

श्री प्रमुखप्रशासकीयअधिकृत ज्यू
चिचिला गाँउकार्यपालिकाको कार्यालय,
चिचिला, संङ्खुवासभा।

विषयःआर्थिक सहायताउपलब्ध गराई पाऊँ।

महोदय,

प्रस्तुतविषयमा ....................................स्थायी ठेगानाभएको मलाई....................................गर्नुपर्ने भएकोले सो कालागि मेरो आर्थिक अवस्थाअत्यन्तकमजोर रहेकोले ....................................कालागि रु...................(अक्षरुपी रु.....................) उपलब्ध गराइदिनुहुनतपशिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु। साथै मेरो यस गाँउपालिकासँग सम्बन्धिततिर्नु बझाउनु वा फछ्र्यौट गर्नुपर्ने कर,महशुल,बक्यौतावा पेश्की बेरुजु बाँकी नरहेको जानकारी गराउँदै प्राप्त सहयोग रकमजुनप्रयोजनकालागिप्राप्त गरेको हो सोहीप्रयोजनकालागिखर्च गर्ने सो नगरेको पाइएमाजुनसुकै कारवाही,सजायवा जरिवाना सहन,भोग्नवातिर्न बुझाउन सहमतभएको व्यहोरा समेत अनुरोध छ।

भवदीय

दस्तखतः

नाम,थर

स्थायी ठेगानाः

चिचिला गाउँपालिका

सम्पर्क मो.नं.

तपशिल

१.नेपालीनागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ थान

२.संगठित संस्थाको हकमादर्ता तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपी

३.सम्बन्धित वडा कार्यालयको आर्थिक सहायताउपलब्ध गराउनुपर्ने कारण,आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र।

चिचिला गाउँपालिका

अनुसूची १ क

संगठित संस्थाको हकमा

(वुँदा नं.४.१सँग सम्बन्धित)

मितिः

श्रीमान् प्रमुखप्रशासकीयअधिकृत ज्यू
चिचिला गाँउकार्यपालिकाको कार्यलय,
चिचिला, संङ्खुवासभा।

विषयःआर्थिक सहायताउपलब्ध गराईदिनुहुन।

महोदय,

प्रस्तुतविषयमा.................................ठेगाना रहेको..............................संस्था/समूह/संघलाई..................................... गर्नुपर्ने भएकोले संस्था समूह संघबाट विनियोजित रकमअपुगभएकोले सो प्रयोजनकालागि रु.................(अक्षरुपी रु.....................) उपलब्ध गराइदिनुहुनतपशिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरिएको छ। यस संस्थाको यस गाँउपालिकासँग सम्बन्धिततिर्नु बझाउनु वा फछ्र्यौट गर्नुपर्ने कर,महशुल,बक्यौतावा पेश्की बेरुजु बाँकी नरहेको,नियमानुसार गाँउपालिकाको कार्यालय वाप्रदेश वा केन्द्र सरकारको आधिकारिक निकायमादर्ता भएकोअवगत गराउँदै प्राप्त सहयोग रकमजुनप्रयोजनकालागिप्राप्त गरेको हो सोहीप्रयोजनकालागिखर्च गरिने व्यहोरा समेत अनुरोध छ।

संगठित संस्थाको तर्फबाट
अध्यक्षवाप्रमुखको नाम,थरः
संस्थाको ठेगानाः

चिचिला गाँउपालिका

सम्पर्क नम्बरः

तपशिल

१.नेपालीनागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ थान

२.संगठित संस्थाको हकमादर्ता तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपी

३.सम्बन्धित वडा कार्यालयको आर्थिक सहायताउपलब्ध गराउनुपर्ने कारण,आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र।

चिचिला गाँउपालिका

अनुसूची २

(वुँदा नं.५सँग सम्बन्धित)

प्रतिवेदनको ढाँचा

| क्र.स. | सहायता पाउने व्यक्ति वा संस्थाको नाम, थर | ठेगाना | सम्पर्क नं. | सहायता लिएको रकम | प्रयोजन | संस्थाको हकमा भए सो संस्थाको प्रमुख व्यक्ति र सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |

चिचिला गाउँपालिका